# काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड

प्रमुख कार्यकारी अधिकृत छनोट सिफारिस समिति

त्रिपुरेश्वर, काठमाडौँ

## प्रमुख कार्यकारी अधिकृत पदका लागि दरखास्त आह्वानको पूरक सूचना

(प्रथमपटक प्रकाशित मिति : २०७६।११।१८)

(प्रथम पूरक सूचना प्रकाशन मिति : २०७६।१२।५)

(दोस्रो पूरक सूचना प्रकाशन मिति : २०७६।१२।१३)

(तेस्रो पूरक सूचना प्रकाशन मिति : २०७७।३।२)

काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडको प्रमुख कार्यकारी अधिकृत पद खुल्ला प्रतिस्पर्धाका आधारमा छनोट गरी पूर्ति गर्न मिति २०७६/११/१८ र प्रथम पूरक सूचना प्रकाशन मिति २०७६/१२/५ को गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बमोजिमको दोब्बर दस्तुर तिरी दरखास्त दिने अन्तिम मिति २०७६/१२/१६ गते सम्म रहेकोमा COVID–१९ रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले मिति २०७६/१२/११ गते बिहान ६ बजेदेखि लागू हुने गरी संक्रामक रोग नियन्त्रण ऐन २०२० को दफा २ बमोजिमको आदेश जारी गरेकोले दोब्बर दस्तुर तिरी दरखास्त दिने अन्तिम मिति उक्त आदेश समाप्त भएको मितिले छैटौँ दिनको कार्यालय समयसम्म कायम रहने गरी २०७६/१२/१३ गतेको सूचना मार्फत जानकारी गराइएकोमा नेपाल सरकारको निर्णय बमोजिम मिति २०७७/३/१ गतेदेखि सम्पूर्ण सरकारी कार्यालयहरू सञ्चालनमा आइसकेको र लकडाउन खुकुलो भई आवागमन पनि सहज भएकोले दोब्बर दस्तुर तिरी दरखास्त बुझाउने अन्तिम म्याद मिति २०७७/३/७ गते ५:०० बजेसम्म कायम गरिएको व्यहोरा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। साथै काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड, केन्द्रीय कार्यालय, त्रिपुरेश्वर काठमाडौँमा उपस्थित भई दरखास्त बुझाउन असमर्थ काठमाण्डौ उपत्यका बाहिरका इच्छुक आवेदकहरूको हकमा आवेदन साथ बुझाउनु पर्ने कागजातहरू र कार्यपत्र छुट्टाछुट्टै खामबन्दी गरी दुबैलाई पुनः अर्को खामभित्र सिलबन्दी गरी हुलाक कार्यालयमा सो रजिष्टर्ड गरेको भर्पाई, दोब्बर दस्तुर बुझाएको बैंक भौचर र निवेदनको स्क्यान प्रति वा फोटो **dboli@kathmanduwater.org** मा मिति २०७७/३/७ गते ५:०० बजेभित्र आइपुग्ने गरी पठाउनुपर्ने छ।

**प्रमुख कार्यकारी अधिकृत छनोट सिफारिस समिति**